थबाङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय
## आधारभूत स्वास्थ्य तथा सरफाई शाखा
## थबाङ, रोल्पा

स्था: २०७३

५ नं. प्रदेश नेपाल

# औषधि खरिद सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

**सूचना नं. २४/०७५/०७६ प्रथम पटक प्रकाशित मिति :२०७६/०१/०६**

यस आ.व.२०७५/०७६को स्वीकृत सशर्त तथा निशर्त कार्यक्रमअनुसार थबाङ गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुको लागि अत्यावश्यकीय औषधिहरु खरिद गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेका मेडिसिन सप्लायर्स वा कम्पनीहरुबाट देहाय बमोजिम शर्तहरुको अधिनमा रहि रित पुर्वकको दरभाउपत्रको सूचना आव्हान गरिएको छ ।

१) दरभाउपत्र फारम प्रथम पटक सुचना प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयमा रु.३०००।– (अक्षरेपी रुपैयाँ तीनहजार मात्र । ) फिर्ता नहुने गरी नगदि रसिद काटी दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र खरिद गर्नका लागि निवेदकले अध्यावधिक नविकरण गरिएको औषधि कारोबार सम्बन्धी औषधि व्यवस्था विभागबाट लिइएको इजाजत प्रमाण-पत्र, स्थायी लेखा नं., कर दाता प्रमाण-पत्र र आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र समेतको प्रमाणित प्रतिलिपि संलग्न राखि निवेदन पेश गर्नुपर्नेछ ।

२) खरिद गरेको दरभाउपत्र फाराम रित पूर्वक भरि प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा शिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोहिदिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र खोलिने दिन दरभाउपत्रदाताहरु अनुपस्थिति रहे पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त विदाको भोली पल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४) दरभाउपत्रदाताले आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा केरमेट नगरी दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

५) प्राप्त दर भाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रमा उल्लेख भएका औषधिका परिमाण कार्यालयको आवश्यकताअनुसार थप घट गर्न सकिनेछ ।

६) दरभाउपत्रदाताले धरौटि वापतको रकम रु. ५३,९७३ ।– (अक्षरेपी रुपैयाँ त्रिपन्न हजार नौंसय त्रिहत्तर मात्र ।) यस कार्यालयको जनता बैंक, शाखा कार्यालय, थबाङ, रोल्पामा रहेको धरौटी कोष खाता नं. ११८००९०५७९२०१०४ मा दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्न अन्तिम मितिले कम्तिमा ९० (नब्बे) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारि गरेको बैंक ग्यारेन्टी (बिड बन्ड) सक्कलै पत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

७) यस कार्यालयबाट सम्बन्धीत फर्मको नाममा बिक्रि भएको दर भाउपत्र फाराम सम्पुर्ण रुपमा भरि नआएको तथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार रित नपुगेको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

८) औषधि मु.अ.कर भ्याट छुट बस्तु भएकोले मु.अ.कर समावेश नगरिएको हुँदा मु.अ.कर बाहेकको मात्र दररेट भर्नु पर्नेछ ।

९) दर भाउपत्र साथ विश्वासनिय कम्पनीका गुणस्तरयुक्त औषधि आफुले दिने औषधिको नाम औषधि व्यवस्था विभागमा रजिष्टर्ड भएको हुनुपर्नेछ ॥

१०) औषधि एकमुष्ट रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११) दरभाउपत्रदाताले औषधि दिँदा कार्यालयले निर्धारण गरेको समय भित्र बुझाउनु पर्नेछ ।

१२) यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद निएमावलि २०६४ वमोजिम हुनेछ ।

१३) सिलबन्दी दरभाउपत्र यस कार्यालयको वेवसाईट www.thabangmun.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।

१४) थप जानकारीको लागि सूचना तथा प्रविधि शाखा सम्पर्क नं.९८४९८८६६५७ र आ.स्वा.स.शा., थबाङ रोल्पाको ९८४१६१९८७३ बाट जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

..............................

थबाङ गाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत